# पिडा गा. वि. स. ५, मुलाखर्क धादिङ्ग जिल्लामा अन्र्तजातीय बिवाहको कारण दलित बस्ती माथि भएको सामुहिक सांघातिक  आक्रमण तथा विस्थापन सम्वन्धी स्थलगत अध्ययन प्रतिवेदन

**२०६९ आषाढ २७ देखी २८**



आक्रमणबाट घाइते भएकी इन्दीरा सुवेढी वि.क. गजुरी अस्पतालमा

दलित गैर सरकारी संस्था महासंघ
दलित सेवा संघ
नेपाल राष्टिय्र दलित समाज कल्याण संघ
दलित महिला संघ
जागरण मिडिया सेन्टर
ल्यानकाउ नेपाल
सामाजिक न्यायका लागी जातिय विभेद विरुद्ध संयुक्त अभियान


**प्रतिवेदक**
ईश्वरी बि.क.
अर्जुन बगाले
अनन्त यात्री बि.क.
नरेश सोव
दिपक तिमिल्सीना
दिपेन्द्र पासवान
राजेश बि.सि.

**धादिङ जिल्ला पीडा गा.वि.स. ५ मूलाखर्क, जातिय विभेदकोकारण दलितवस्ती माथि भएको आक्रमण तथा विस्थापन सम्वन्धी स्थलगत अध्ययन प्रतिवेदन**

## १. पृष्ठभुमि

धाडिङ्ग , पिडा गा.वि.स.वडा नं ५,मुलाखर्क निवासी नवराज सुनार र सोहि गाउ निवासी सम्झना सुवेदी स्थानीय डोलभञ्ज्याङ्ग उच्च मा.विमा अध्यन गर्दै आईरहेका थिए । सोही क्रममा एक वर्ष देखी दुवै विच प्रेम सम्वन्ध रहदै आएको थियो । यो कुरा सम्झना सुवेदीको घर का सदस्य एवं आफन्त हरुलाई थाहा भएपछि आउदो मंसिर मा केटीको विवाह गरिदिने र सम्झना सुवेदीको दाजुले नवराज सुनारलाई पटक पटक वाटोमा जहा भेट्यो त्यहि मार्ने धम्की समेत दिने गरेको त्यही भएर दुवै जनाले विवाह गर्ने निधो गरि दुवै जनाको राजीखुसीका साथ मिति २०६९ असार १७ गते गाउ वाट दुवै जना प्रेम विवाह गरेर आफन्त कहा गएको सोही दिन को वेलुका नै केटी पक्ष लगयात गाउका मानिसहरु नवराज सुनारको घरमा गएर नवराजको आमालाई भोली असार १८ गते सम्म सम्झना सुवेदी लाई गाउमा फिर्ता न ल्याए ज्यान मार्ने धम्की दिएर गएको र सो पश्चात नवराजको आमाले नजिकका आफन्त लगायत गाउभरमा खोजतलास गर्दा समेत नभेटेको । २०६९ असार १९ गते करिव वेलुका ८ वजेतिर केटिको दाजु रामचन्द्र सुवेदी, डोलभञ्ज्याङ्ग उच्च मा.वि.का शिक्षक कृष्ण सुवेदी र रामबहादुर सुवेदीको नेतृत्वमा गाउका सुवेदी एवं सापकोटा परिवारका करिव दुईसय संख्यामा लाठी, घरेलु हातहतियार सहित जम्मा १० परिवार रहेको दलित वस्तीमा आई शुरुमा हरिबहादुर वि.क. र विन्दा वि.क.को घरमा आक्रमण गरी, तोडफोड गरेको, विन्दा वि.क. र हरि बहादुर वि.क. घाइते अवस्थामा ज्यान जोगाउन घर छोडी भागेको, घरमा रहेका बालवालीकालाई समेत हतियार देखाएर आतंकित बनाउने र घर तोडफोड गरेको । नवराजको घरमा आई घरभित्रवाट केटाको आमा लगायत घरमा भएका परिवारलाई घरवाहिर वोलाई दलित सानो जातले हाम्रो छोरीवेटी लाई विवाह गर्ने यो गाउमा भएका दलित हरुलाई यहावाट भगाउनु पर्छ भनी एक्कासी केटाको आमा लाई टाउकोमा प्रहार गर्दा वेहोश भई लडेको र घरमा भएका अन्य सदस्यलाई समेत कुटपिट गरि उक्त गाउमा रहेका १० घर दलितको घर घरमा गई सांघातिक आक्रमण गरी कुटपिट गर्न थाले पछि दलित वस्तिका मानिसहरु ज्यान जोगाउन खेतवारि तिर भागा भाग गरेको र केहि मानिसहरु चाही हरि वहादुर वि.क.को घरमा लुकी भित्र वाट ढोकामा अर्गेलो लगाई वसेको मा पनि केहि गैर दलित घरको ढोकामा लात हानी वाहिर निस्की भनी गाली गलौज गर्दै घर वाहिर घर घेरी वसेको र अरुहुलचाही अन्य दलितको घर घर मा गई कुटपिट गरेको सो दिनको आक्रमण कुटाइ खाएपनी आफनो ज्यान वचाउन मकै वारी तिर भागेको आमावुवा भागेपछि दलित वालवालिकाहरुको दयनिय अवस्था समेत रहेको र उक्त सामुहिक आक्रमण वाट ५ वर्ष देखि माथिका वालवालिका एवं महिलाहरु आक्रमणको सिकार भएका थिए । असार १९ गते रातभरी दलित वस्तीमा नै वस्ती घेरेर वसेको र असार २० गते विहान करिव १०, ११ वजे सम्म पनि घर घरमा गई कुटपिट गरि आक्रमणकारी आ आफनो घर फर्केको थिए । उक्त आक्रमण वाट ईन्दिरा सुवेदी वि.क. जसले तिन वर्ष अघि सोहि गाउका दलित वावुलाल विश्वकर्मासग विवाह गरेकि थिईन । ईन्दिरा सुवेदीलाई पनि सबै भन्दा पहिला अन्तरजातीय विवाह गरेको भन्दै सख्त घाईतेहुने गरि कुटपिट गरेको उक्त कुटाईबाट ईन्दिरा सुवेदी पनि गम्भी घाईते भएको उनको टाउकोमा चार वटा टाका लागेको छ भने खुटटा्मा पलास्टर लागाईएको छ, हाल सम्म पनि उनको गजुरी अस्पतालमा उपचार भैरहेको छ । उक्त साघांतिक आक्रमण वाट नवराज सुनार का आमा कौशिला वि.क., शंकर वि.क.,रेश्मा वि.क.,प्याउली वि.क., सिता वि.क.लगायत घाईते भएका छन उनीहरुको पनि उपचारका लागी गजुरी अस्पताल भर्ना भई हाल डिस्चार्ज गरिको भएतापनि आन्तरिक चोटका कारण राम्रो सग हिडडुल गर्न समेत सकिराखेका छैनन । उक्त घटनाले गर्दा दलित वस्तीले आज सम्म असुरक्षित महसुस गरि गाउ फर्किन समेत सकेका छैनन ।

## २. अध्ययनको उद्देश्य

- घटनाको स्थलगत अध्ययन गर्ने ।
- घटनाको सत्य तथ्य सहितको प्रतिवेदन तयार गर्ने ।

**३. अध्ययन पद्धति**

- घटनाका सम्बन्धमा प्रारम्भिक तथ्य संकलन
- घटनाका सम्बन्धमा प्रकाशित सामग्रीको अध्ययन
- घटनास्थलको अवलोकन
- घटनाका पीडित, पिडक तथा प्रत्यक्षदर्शीसग भेट गरी घटनाको विवरण संकलन
- स्थानीय प्रशासन तथा अन्य सम्बन्धित व्यक्तिसग घटनाका सम्बन्धमा छलफल गरी घटनाको विवरण संकलन गर्ने ।

४. **दलित मानवअधिकार संस्थाको तर्फवाट अध्ययन अनुगमन टोली**

अनन्त यात्रि बि.क - DNF, काठमाण्डौ
ईश्वरी बि.क - DWO, काठमाण्डौ
दिपक तिमिल्सीना - NNDSWO, काठमाण्डौ
अर्जुन बगाले - COCAD, काठमाण्डौ
नरेश सोव - FEDO, काठमाण्डौ
दिपेन्द्र पासवान - JMC, काठमाण्डौ
राजेश बि.सि. - LANCAU -NEPAL काठमाण्डौ ,

५. **घटनाको संक्षिप्त विवरण** :. घटना मितिः २०६९/०३/१९ देखि २० गते

२०६९ आसार १७ गते धादिङ्ग जिल्ला पीडा गा.वि.स. वडा न. ५ मूलाखर्क निवासी नवराज वि.क. र सोही गाँउ निवासी संभ्कना सुवेदीले प्रेम विवाह गरे पछि, १९ गते सोही गाउ निवासी पेशाले शिक्षक रहेको ५० वर्षीय राम वहादुर सुवेढी र ४४ वर्षीय कृष्ण सुवेढीको नेतृत्वमा गाउका ५५ घर सुवेदी र सापकोटा परिवारहरु जम्मा भई त्यस गाउमा रहेका जम्मा १० घर दलित परिवार मध्ये १ घरलाई छाडेर ९ घर दलित परिवारलाई गाउनिकाला गर्ने उद्देश्यले सांघातिक अक्रमण गर्दै ५वर्ष भन्दा माथिका सबै वालवालिका, वृढ, महिला सबैलाई कुटपीट गरि विस्थापीत गरेको देखिन्छ । आक्रमणबाट सोही गाउ निवास इन्दीरा सुवेदी वि.क, कौसिला वि.क., हरि वहादुर वि.क., शंकर वि.क., र विन्दा वि.क.गंभिर घाइते भएको ।

७. **घटना भएको समयः वेलुका** ८.०० देखि विहान ११. ०० वजे सम्म

८. **घटना स्थलः** मुलाखर्क, पिडा गा. वि. स. ५, धादिङ्ग

९. **पीडकः** रामबहादुर सुवेढी, कृष्ण सुवेढी, रामचन्द्र सुवेढी, शिव सुवेढी, रामशरण सापकोटा लगायत

१० .**पीडितः** सम्पुर्ण दलित वस्ती, मुलाखर्क

**<u>सरोकारवालाहरुको भनाई</u>**

**नन्तेवली वि.क.**:
आसार १७ गते हाम्रो भतिजा नवराज वि.क.र संभ्कना सुवेदीले प्रेम विवाह गरे पछि १९ गते शिक्षकहरु राम वहादुर सुवेदी र कृष्ण सुवेदीले सुवेदी र सापकोटा परिवारहरुको भेला गराई दलितहरुलाई गाउमा वस्न दिन हुदैन भन्ने सहमति गराएर साभ्क ८:३० वजे देखि हामीलाई आक्रमण गरेका हुन । पहिला हरि वहादुर वि.क र विन्दा वि.क.को

घरमा आक्रमण गरेका रहेछन । होहल्ला भए पछि हाम्री वुहारी इश्वरी सुवेदी लगायत घटना स्थानमा पुगेका थिए । त्यहा पुग्न वित्तिकै सबैभन्दा पहिला कामीसंग विवाह गर्ने यो नै हो यसलाई पहिला मार्नु पर्छ भनेर वुहारीलाई कुटपीट गरेछन । राती वुहारी कहा लुकेर ज्यान वचाएछिन । विहान ६ वजेतिर हाम्रो घरमा ७०–८० जना मान्छे आए र मलाई ल वुहारीलाई निकाल कहा लुकाको छेस भने । किन खोज्नु भएको के मार्ने नै हो त ? हामीले आफ्नो घरमा वस्न पनि नपाउने भन्दा विष्णु सापकोटा, रामशरण सापकोटा, हरिशरण सापकोटा, सीताराम सुवेढी लगायतले लट्ठीले हिर्काए । मलाई वचाउन छोरी आइन उनलाई पनि हिर्काए । म वहोस भएछु कतिखेर गएछन थाहा नै भएन ।

**रेखा वि.क.(१९) :**
विहान ६ वजेतिर म भरखर उठेको थिए, आमालाई पिटिरहेका थिए । किन पिटेको छाड्नुहोस भनेर म गए अनि मलाई पनि लट्ठीले टाउकोमा हिर्काए, अनि वहिनी आइ वहिनीलाई पनि हिर्काए सबैलाई लडाए ।

**कौशिला वि.क.(३५, नवराजकी आमा) :**



१७ गते हाम्रो छोरो घरमा थिएन । कहा गएको भन्ने हामीलाई थाह पनि थिएन । १८ गते रामचन्द्र सुवेदी (संभनाको दाई) आएर आज साझ सम्म तेरो छोरा खोजेर ल्या अनि केटीलाई घरमा पठाइदे अहिले सम्म कसैले पनि थाह पाएको छैन । नत्र कोही पनि वाच्ने छैनौ भनी गएका थिए । अनि हामीले आफन्त कहा गएका होलान भनेर खाज्न गयौं । कही पनि फेला नपारे पछि फर्केर आयों । १८ गते शिक्षक राम वहादुर सुवेढी र कृष्ण सुवेदीले गाउमै वैठक वोलाएछन र योजना वनाएछन । १९ गते साझ करिव आठ, नौ वजेतिर राम वहादुर सुवेदीकी श्रीमति र रामहरी सापकोटाको श्रीमति आए अनि मलाई पिट्न शुरु गरेका थिए, अलि पर शंकर वि.कलाई १५–२० जनाले कुटिरहेका रहेछन । केही छिन मै लगभग २०० जति (महिला, पुरुष सबै ) आए र सबै जनालाई पिटे । देवर(हरि वि.क.) को घरमा पनि सबैलाई पिटेका रहेछन । रातभरी सबै घर घेरेर वसे ।

**वाटुली सुनार (१४, नवराजकी वहिनी)** :
लगभग २०० जना जतिले घर घेरेका थिए । आमालाई कुटपिट गरिरहेका थिए मलाई पनि कुटनको लागी खोजिरहेका थिए राती भएकोले म भाग्न सफल भए । तर परिक्षा दिन पाएन । अर्को दिन स्कुल गएको हेड सरले परिक्षा दिन पाउदैनौ भन्नु भयो ।

**सुवास वि.क.** :
हामी घरमा वसिरहेका थियौ । दाईलाई पिटेछन । दीदीहरु दाईलाई लिन गएका थिए । दीदीहरुलाई पनि सरहरुले पिटतै आए, म वहिर निस्के मलाई पनि एक लाठी हने म भागेर भित्र गए, वुइगलमा गएर लुके । कृष्ण सरले दिदीलाई तलाई वाल क्लवबाट निस्कासन गरि दिन्छु भन्दै हुनुहुन्थ्यो ।

**निरुता वि.क.(१२) :**

लगभग डेढ दुईसय जना जतिको भीड एक्कासी आए र वावा र आमालाई पिटन थाले । तिमीहरु यहा वस्न पाउदैनौ भन्दै पिटे । वावा र आमा भाग्नु भयो । रातभरी म अनि भाई वहिनीहरुमात्र वस्यौं । हामीहरु भित्रबाट चकुल लगाएका थियौ । वाहिरबाट कृष्ण सर, राम वहादुर सरहरुले ढोकामा लात्ताले हानिरहनु भयो । माथि झ्यालबाट हेर्दा लाठी घोचे । सरहरुले भालु, रण्डी भन्दै गाली गर्नु भयो । तीन चार जना वारदेली फुटाएर माथि आए चक्कु देखार मार्छौ भने, अरुले गाड्नलाई खाल्डो खन भन्दै थिए ।

**कृष्ण बहादुर वि.क. (४५) :**

म काठमाडौमा थिए । यस्तो घटना घटेको थाह पाए पछि आएको हु । मेरी छोरी कोपिला वि.क.लाई पनि घाइते बनाएका थिए रे अहिले सम्म आएका छैनिन । जतातते खोज्यौं फेला परेको छैन ।

**नवराज वि.क. को भनाई**

म नवराज वि.क., घर पीडा गा.वि.स. वडा नं. ५, म अहिले डोल भञ्याङ उच्च मा. वि. कक्षा ९ मा अध्यनरत छु । विगत एक वर्षदेखि म र संझना सुवेढी वीच प्रेम सम्वन्ध रहदै आएको थियो । हामीहरु वीचको सम्वन्धको बारेमा सम्झनाको दाजु प्र**दिपले** करिव १ महिना अगाडी थाहा पाएका थिए । यही असार १०/११ गते म तलबाट आफ्नो घरमा आउँदै गर्दा तल घर छेउको चौतारीमा सम्झनाको दाजु प्रतिप र अन्य २ जना श्रीराम र रामचन्द्र संग भेट भयो सो समयमा पनि प्रतिपले मलाई धम्की दिने कुट्ने मार्ने धम्की दिएको थियो । असार १४ गते विहान म आफ्नो घरमा सुतिरहेको थिए । यसैबेला सम्झनाको दाजु मेरो घरमा आउनुभयो र मेरो बालाई बाहिर बोलाई तेरो छोरालाई तँ तहलगाउँछस् कि म तहलगाउ ?धम्काउनुभयो । असार १७ गते विहान स्कुल जादा संझनासंग भेट भयो र उनले मलाई दाइको घरमा वोलाइन । म दिउसो १ वजेतिर दाइको घरमा आउदा उनी त्यही थिइन । उनको दाजुले आउदो मंसिरमा सम्झनाको विवाह गरिदिने योजना बनाएको र मलाई पनि मार्ने भनिरहेको बताईन । त्यस पछि के गर्न सकिन्छ भनी केही छिन छलफल गर्‍यौं । जसले जे भने पनि हामी तत्काल विवाह गर्ने निर्णयमा पुग्यौं । सोही अनुसार दिउसो म केही सामान लिन घरमा गए घरमा जादा घरको मान्छे खेतवारीमा थिए त्यहि मोका छोपी उनले मलाई पर्खीरहीन । करिव आधा घण्टा पछि म आइपुगे र हामी गजुरी नजीकै रहेको मामाको घरमा गयौं ।

मेरो बुबा राम बहादुर वि.क. ले १८ गते मलाई सम्पर्क गरी नवराज तँ तुरुन्त घर आइज भन्नुभयो । १९ गते बेलुका कृष्ण वहादुर सुवेदी र रामचन्द्र सुवेदी संझनाका घर परिवार र अन्या सुवेदी गाउँलेहरुका साथमा मिटिङ वसी उनीहरुकै सल्लाह अनुसार हाम्रो घरमा आई कुटपिट गरेछन् । २० गते हामी फर्कियौ र बेलुका ५ बजेतिर गजुरी चौकिमा गयौ । हामी चौकीमा आउँदा त्यहा सम्झनाका परिवार पक्षकाले हामीहरु विवाह गरेको घटनाको सम्वन्धमा खवर गरिसकेका रहेछन् । हामीलाई प्रहरीहरले पनि हप्कीदप्की लगाए । एक जना प्रहरीले तैले आफ्नो जातको केटी पाइनस् र अरुको जातको केटी लिएर हिड्नुपर्छ भन्यो । त्यस दिन हामी दुवैलाई प्रहरीमा नै राख्यो । म थुनुवाहरुसंगै बसे भने सम्झना महिला पुलिससंग वसिन् ।

नवराज वि.क.को आमा कौसिला वि.क. को भनाई

**रामबहादुर सुनार (नवराजका वुवा )**

मेरो छोरा नवराजले क्षेत्रीको भुरी (संझना सुवेदी) लगेको कारणले उक्त घटना घटेको हो । मेरो छोरा नवराजले १७ गते २ वजे परिक्षा सकेर आई २ वजेतिर नवराज र सम्झना भागेछन् । हामीलाई सो कुरा त्यतिवेला केही थाहा थिएन । हामीले त्यो कुरा बेलुका थाहा पायौं । बेलुका संझनाको दाई रामचन्द्र सुवेदी ‸ ठाकुर सुवेढी (संझनाको दाई) हाम्रो घरमा आए । तेरो छोरो पनि छैन हाम्रो छोरी पनि छैन । अहिले यो गाउँले थाहा पाएको छैन । भोली ४ वजेसम्म

हाम्रो छोरी खोजेर आइज, हाम्रो छोरी हाम्रो घर तेरो छोरा तेरो घर भयो भने भयो नत्र त मरिस् भने । हामीलाई यसको बारेमा पहिला केही थाहा थिएन । यदि थाहा भएको भए हामीले हाम्रो छोरालाई हप्काउने थियो । हामीले भोलिपल्ट राजडाँडा, भदौरे गएर सबैठाउँमा खोजी १८ बेलुका ५ बजेतिर घर आयौं । १८ गते विद्यालयका शिक्षकहरु र केटी पक्षका बैठक बसेछन् र के चाहि गर्ने भनेर कुरा गरेछन् । १९ गते करिब ८:३० गते सुरुमा २ जना रामहरी सापकोटाको दुलई र रामबहादुर सुवेढीको दुलही हाम्रो घरमा आए र मलाई बोलाए मलाई कि हाम्रो छोरी निकाल, नत्र तेरो काल आयो भने । कालले छोड्ला हामी तलाई छोड्दैनौ । त्यसपछि अरु पनि हवार्र आए हामी बोल्न अर्न केही भ्याएनौ । त्यतिकैमा जेठा दाजुको छोरा शंकरलाई हान्न थाले । करिब उनीहरु लोग्ने मानिस २५/३० जना र महिला पनि २०/२५ थिए । उनीहरु हामीलाई मार्नै भनेर आएका हुन् । बाटोमा पहिला शंकरलाई भेटेका हुन् र सबलाई नै पिटे । त्यसपछि मेसै लाएर हामीलाई कुट्न थाले । बुढी मान्छे हरुसंग पनि लामो लामो लौरोहरु थियो । रामचन्द सुवेदी संग अघिल्लो दिन देखिनै खुकुरी लिएर हिडेको थियो ।

**१२. पिडक पक्षको भनाई**

१. गोविन्द सुवेढी (संझनाको ठूला बुवा) : मलाई केही पनि थाह छैन हजुर ।

२. ठूलीमाया सुवेढी : घटना भएको सुनेका हौं अरु थाहा छैन । हामीले सुने अनुसार नवराज वि.क र संझना सुवेढीले विवाह गरे केही छैन । १९ गते माया सापकोटालाई १० घरका दलितहरु मिलेर लखेटे छन । त्यसो नगर्नु पर्ने हो । माया सापकोटाकी श्रीमानलाई बिन्दा वि.कले कुटेकी रहीछिन पछि हामी पनि गएका थियौं । इन्दीरा सुवेदीले सीताराम सुवेढीलाई कुटेको देखेका हौं । त्यहा केही पनि घाइते भएका थिएनन । यी दलितहरुले के गर्न खोजेका हुन थाह छैन ।

३. अम्बिका सुवेढी : यहाका दलितहरुले हाम्रा छोरी बुहारी लग्न थाले यो त राम्रो भएन नी । अनि उल्टै मुद्दा गर्ने कहा जाने हुन र ?



**बेदप्रसाद खरेल (प्रमुख जिल्ला अधिकारी)**

राजधानीसंग जोडिएको हाम्रो यस धादिङ्ग जिल्लामा यस किसिमको जातीय विभेदको विषय जोडिएको यस किसिमको घटना घट्नु निकै दुःखद कुरा हो । घटनाको सम्वनधमा कुरा गर्दा घटनाका पिडित घाइतेहरुको उपचार भैरहेको छ । प्रमुख जिल्ला अधिकारीको हैसियले घटनाको सम्वन्धमा कारवाहीको लागि मैले प्रहरी प्रशासन लगायतलाई आवश्यक निर्देशन दिई सकेको छु । प्रहरीले जाहेरीमा विपक्षी बनाईएको मानिसहरुलाई खोजतलासी गरिरहेको छ । घटनामा २ जना शिक्षक कृष्ण बहादुर सुवेदी र रामबहादुर सुवेदीको संलग्नता भएको भन्ने जानकारी हुन आएको छ । उनीहरु सरकारी कर्मचारी भएको कारणले प्रक्राउ नभएपनि हाम्रै नियन्तणमा भए सरह हो । एक दुई दिनमा हाम्रो सम्पर्कमा नआई सुखै छैन । हमीले पिडितहरुलाई पुऱ्याउँनुपर्ने शान्ति सुरक्षा पुऱ्याई रहेका छौं । घटनाले त्रसित भएर गाउँमा सुरक्षित नभएको जस्तो अनुभव गर्नुभएको होला तर गाउँमा अहिले त्यस्तो छैन । यस घटनाको विषयमा अत्यन्त संवेदनशील छौं । अस्तिनै घटनाका आरोपितहरुलाई पक्राउ गर्नको लागि सदरमुकामबाट ५ जना र गजुरी चौकीबाट ३ जना गरी ८ जनाको प्रहरी टोली गाउँमा गएको छ । आरोपितहरुलाई पक्रेर लिएर मात्रै आउँनु भन्ने उनीहरुलाई निर्देशन छ आज भोलीमा घटनाका

आरोपित मध्ये केही व्यक्ति भए पनि अवश्य पक्राउ हुने छन् । घटनाका दोषीले कुनै पनिहालतमा उन्मुक्ति पाउँने छैनन्, । तपाईहरु ढुक्क हुनुहोस्

**प्रहरी निरक्षक जिवन बुढाथोकी**

घटनाको सम्वन्धमा हामी अत्यन्त संवेदनसील छौं । असार २४ गते यस जिल्ला प्रहरी कार्यालयमा जाहेरी परेपछि २५



गते नै १० जनाको (पाँच जना सदरमुकामबाट र पाँच जना गजुरी बाट ) टोली आरोपितहरुलाई पक्राउ गर्नको लागि पठाइसकेकाछौं । उनीहरु अहिले पनि गाउँमा नै वसेकाछन् । उनीहरलाई पक्रेर मात्र आउँनु भनी उनीहरुलाई हामीले निर्देशन दिएकाछौं । आज भोलिमा आरोपितहरु पक्राउ हुनेछन् भन्ने आशा गरेका छौं । काम सम्पन्न नभैसकेकोले केही काम नभएको भन्ने जस्तो देखिएको होला तर हामीले हाम्रो तर्फबाट गर्नुपर्ने पुरापुरा काम अत्यान्त गम्भिर भएर गरिरहेकाछौं । कोपिला विक हराएको भन्ने सम्वन्धमा हामीलाई कुनै जानकारी वा निवेदन पर्न आएको छैन । हामीले डोलभञ्जाङ मा.वि. मा पत्र लेखेर दुई जना शिक्षक रामबहादुर सुवेदी र कृष्णबहादुर सुवेदीलाई यहा उपस्थित गराउँनु भन्ने पत्र समेत काटेका छौं र यसको बोधार्थ जिल्ला शिक्षा कार्यालयमा दिएकाछौं । अहिले सम्म कुनै राजनैतिक दलको दवाव आएको छैन ।

**दिपेन्द्र सुवेदी (जिल्ला शिक्षा अधिकारी, धादिङ)**

पहिला त हामीले घटनाको सम्वनधमा मिडियाबाट जानकारी पायौं । जानकारी पाएपछि घटनाको सम्वनधमा डोलभञ्ज्याङ मा.वि.का. प्रधानाध्यापकलाई घटनाको सम्वन्धमा के भएको हो भनी पत्राचार गर्दा प्रधानाध्यापकबाट विद्यालयको यसमा कुनै संलग्नता नरहेको, घटना विद्यालय समय भन्दा अन्य समयमा भएको र सोमा विद्यालयका २



जना शिक्षक राम वहादुर सुवेदी र कृष्ण बहादुर सुवेदी पनि गएको तर घटना लाई साम्य पार्न मात्र गएको भन्ने जानकारी गराए । हामीहरु जिल्ला शिक्षा कार्यालय, जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय सवै कोर्डिनेसन गरेर घटनाको सम्वन्धमा काम गरिरहेका छौं । हिजोमात्र अर्थात असार २८ गते नै विद्यालय व्यवस्थापन समितिलाई पत्र लेखेर राम वहादुर सुवेदी र कृष्ण बहादुर सुवेदीलाई जिल्ला शिक्षा कार्यालयमा उपस्थित गराउँनु भनी पत्र लेखेका छौं । प्रहरीमा पनि यसको वोधार्थ पठाएकाछौं । विद्यालयलाई विद्यार्थीको परिक्षा छुटेकाहरुको पनि परिक्षा लिनु भन्ने निर्देशन दिएका छौं । उपयुक्त समय मिलाएर परिक्षा लिनेछौं भन्ने विद्यालयबाट आश्वासन आएको छ । सही शिक्षा र ज्ञान दिनुपर्ने शिक्षक नै घटनामा संलग्न हुनु भनेको निकै नै दुःखद कुरा हो । उनीहरुलाई कानून वमोजिम उचित कारवाही हुन्छ । तपाईहरु ढुक्क हुनुहोस् ।

**रामनाथ अधिकारी (सभापती नेपाली कंग्रेश धादिङ्ग तथा पूर्व सांसद)**

म तपाईहरुलाई विश्वास दिलाउँन चाहन्छु घटनामा संलग्न कोही पनि मेरो पार्टीमा संलग्न छैनन् । मैले घटनाको सम्वन्धमा पत्रपत्रिका र मिडियाबाट थाहापाएं । अहिलेको २१ औं शताब्दीमा पनि जातीयताको आधारमा यस

किसिमको घटना घट्नु निकै दःखद कुरा हो । दलित गैरदलित जे भएपनि उनीहरुको मन मिल्यो विहे गरे यसमा अरुले आपत्ती गर्नुपर्ने कुरा होइन । घटनाका दोषीले सजाय पाउँनुपर्छ तर यही कारणले गाउँको सद्भाव खल्वलिनु हुदैन । गाउँमा सवै मिले रै बस्नुपर्छ ।

**१३. संघ संस्थाको भनाई**

यो गंभिर मानव अधिकार उलंघनको घटना हो । यसको जति निन्दा गरे पनि थोरै हुन्छ । घटनामा संलग्न अपराधीहरुलाई तत्काल पक्राउ गरि कानूनी कार्वाही गर्नु पर्दछ । घाइतेहरुको निशुल्क उपचार र विस्थापीतहरुलाई ससम्मान पुनस्थापना गरिनु पर्दछ । प्रहरी प्रशानले उल्टा पीडितहरुलाई धम्काउने जस्ता निकृष्त व्यवहार गरेको पनि पाइएको छ । हामीले चरणबद्ध आन्दोलनको घोषणा गरिसकेका छौं । जब सम्म पीडितलाई न्याय र अपराधीलाई सजाय हुदैन तव सम्म हाम्रो आन्दोलन जारी रहन्छ भन्दै प्रेशविज्ञप्ती जारी गर्ने ।

श्याम मग्राती , अध्यक्ष दलित सेवा संघ धादिङ्ग
राजन बरायली, सभापति नेपाल दलित संघ धादिङ्ग
राम बहादुर नेपाली, सचिव नेपाल उत्पीडित जातीय मुक्ति समाज धादिङ्ग
दिपक विश्वकर्मा, अध्यक्ष नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा धादिङ्ग
दिनेश परियार, दलित अधिकार कर्मी धादिङ्ग
सीताराम अधिकारी , प्रतिनिधि इन्सेक धादिङ्ग

**१३. निश्कर्ष तथा सुझावहरु**

घटनाको स्थलगत अध्ययन अनुसार धादिङ. पिडा गाविस वडा नँ. ५ मुलाखर्क का स्थानीय दलित वस्तिमा मिति २०६९ असार १९ र २० गते का दिन अर्न्तजातिय विवाहका कारण जातीय विभेद गरि स्थानिय गैर दलितहरुवाट सामुहिकरुपमा सांघातिक आक्रमण एवं कुटपिट गरि दलित वस्तिमा अशान्ती फैलाई दलित वस्तीलाई नै विस्थापित गरिएको पाईएको जसको कारण आहिले सम्म पनि दलितहरु आफनो घर जान सम्म सकेका छैनन ।

उक्त घटनामा दलित समूदाय माथि अन्याय, अत्यचार एवं अमानवीय व्यवहार भएको जानकारी गराउँदै दोषी माथि कानुनी कारवाही गरी न्याय पाउ भनी जिल्ला प्रहरी कार्यलयमा असार २४ गते किटानी जाहेरि दरखास्त दर्ता गराएको भएता पनि हालसम्म सरकारले दोषीहरुलाई पक्रन सकेको छैन र दलित वस्तीहरुमा सुरक्षाको प्रत्याभुती सम्म गराउन सकेको छैन ।

स्थानीय स्तरमा दलित संघ संस्थाहरुले मुलाखर्क घटना संयुक्त संघर्ष समिति गठन गरि उक्त घटनावाट पिडित दलित वस्तिरुलाई न्याय दिलाउन र दोषीहरुलाई कानुनी कारवाहीको लागी विभिन्न किसिमका चरणवद शान्तीपुर्ण आन्दोलन गर्ने निर्णय बमोजिम असार २८ गते विरोध र्‍याली सहित जिल्ला प्रशासन कार्यलयमा १ घण्टे धर्ना कार्यक्रम थियो । यस घटनाले मानवअधिकारको चरम उल्लंघन गर्नुका साथै राष्ट्रिय तथा अर्न्तराष्ट्रिय कानूनको पुर्णरूपमा उल्लंघन गरेकोछ । घटनामा नेपालको अन्तरिम संविधान २०६३, सबै प्रकारका जातीय विभेद उन्मुलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६५, लगायत अन्य अर्न्तराष्टिय महासन्धिहरु, २०६३ जेठ २१ गतेको प्रतिनिधिसभाको छुवाछुत मुक्त राष्ट्रको घोषणा र भर्खरै मात्र पारित **जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय ऐन २०६३)** समेतको उल्लँघन गरेकोछ । घटनाका दोषीहरूलाई पक्राउ गरी कारबाही गर्नुको साटो राज्य मौन भएर बसेको पाइएकोले राज्य आफै मानवअधिकार उल्लँघनमा सामेल भएकोछ । घटनाको तत्काल छानवीन गरी दोषीहरूलाई कारवाही गरिनु पर्दछ । सार्वजनिक पद धारण गरेका सरकारी कर्मचारी तथा शिक्षकहरू समेत उक्त घटनाका प्रमुख योजनाकारको रुपमा संलग्न भएको हुदा सबै दोषीहरूलाई यथाशीघ्र कारबाही गरिनु पर्दछ ।

**सरोकार पक्षहरुलाई यस दलित मानव अकिार समिति तपशिलका सुझावहरु प्रस्तुत गर्दछ ।**

**तपशिल**

- मुलाखर्क घटनामा संलग्न सम्पुर्ण दोषीहरुलाई तत्काल पक्राउ गरि कानुनी कारवाही अगाढी वढाई पिडित पक्षलाई न्याय दिनु पर्दछ ।
- उक्त घटनामा घाईते भएकाहरुलाई निशुल्क औषधोउपचारको व्यवस्था गरिनु पर्दछ ।
- घटनामा संलग्न सार्वजनिक पद धारण गरेको शिक्षकहरुलाई जागीर वाट निलम्वन गरि थप कानुनी कारवाही अगाडी वढाउनु पर्दछ ।
- पीडित पक्षहरुलाई आवश्यक सुरक्षा प्रदानगरि घरफर्कने व्यवस्था मिलाउनु पर्दछ ।
- दलित विद्याथीहरुलाई सहज वातावरणमा स्कुलमा पठनपाठनको व्यवस्था मिलाउनु पर्दछ ।
- यस प्रकारका घटनाहरु दोहरिन नदिनको लागि सामाजिक सदभाव कायम गर्ने खालका कार्यक्रमहरु संचालन पर्दछ ।

अनुसूचि १

- घटनाका सम्वन्धमा विभिन्न पत्र पत्रिका मार्फत प्रकाशित समाचार
- जिल्ला प्रहरी कार्यलयमा दर्ता गराएको जाहेरी दर्खास्तको प्रतिलिपि
- विभिन्न संघ संस्थाहरुले जारि गरेको प्रेश विज्ञप्ती

धन्यवाद